# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## डाँछी, काठमाडौं
### बागमति प्रदेश, नेपाल

## आ.व. २०८२/०८३ को लागि निकासी कर संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी बोलपत्र फाराम

ठेक्का नः- **Kageshwori/Revenue/NCB/01/082-083**

२०८२

कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डाँछी, काठमाडौं बागमती प्रदेश, नेपाल

"सबल, सक्षम, सुशासनयुक्त विकासमुखी स्थानीय सरकार"

# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौ
बागमती प्रदेश, नेपाल

## निकासी करको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी पुनः बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।०५।०९
दोश्रो पटक सूचना प्रकाशित मितिः २०८२।०७।०२

प्रस्तुत सम्बन्धमा "स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ घ ६ तथा "प्रदेश आर्थिक ऐन, २०८२ को दफा ९ को अनुसूची-५ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न यस नगरपालिकाको निकासी कर संकलनका लागि राजश्व परामर्श समितिको सिफारिस तथा बाह्रौं नगरसभाको निर्णयानुसार आ.व. २०८२।०८३ का लागि निकासी कर सम्बन्धी ठेक्का बन्दोबस्त गर्न प्रदेश सरकारबाट तोकिएको दररेटमा कागेश्वरी मनोहरा नगरपालिकाबाट निकासी भई जाने (पशुपति क्षेत्र विकास कोषको जग्गा बाहेकमा) ढुंगा, चुनढुंगा, गिटी, बालुवा, स्लेट, ग्रावेल, चिप्स, माटोमा संकलन तथा बिक्री शुल्क उठाउने कार्यको लागि ठेक्का लिन इच्छुक फर्म वा कम्पनीबाट तोकिएको न्यूनतम रकममा नघट्ने गरी निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको पुनः बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको छ । साथै योग्यता पुगेका इच्छुक फर्म वा कम्पनीले देहायको शर्तहरुका अधीनमा रही तोकिएको मिति र समयभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Web Portal: www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### शर्तहरु

१. बोलपत्र सम्बन्धी कागजात बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट download गरी प्राप्त गर्न सकिने छ । सो को लागि रु. ३,०००।- (अक्षरेपि तीन हजार रुपैयाँ मात्र) (पछि फिर्ता नहुने गरी) निम्न बैंकमा बैंक भौचर भरी सो भौचरको Scanned copy (pdf format) बोलपत्र सम्बन्धी कागजात electronic submission गर्दा संलग्न गरी पेश गर्नु पर्नेछ ।

#### बैंकको विवरण

बैङ्कको नामः- NIC Asia Bank Limited
खातावालाको नामः- कागेश्वरी मनोहरा नगरपालिका
खाताको नामः ग १.१ आन्तरिक राजश्व खाता
खाता नं.: ०१८२०५००२९५४५००२

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७१

२. बोलपत्र फारामसाथ धरौटी बापत मु.अ.कर सहित कवोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको NIC Asia Bank Ltd., थली शाखामा रहेको धरौटी खाता नं. 18CA051127352401 मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचना जारी भएको मितिले कम्तीमा १२० दिनको म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाको बैंक ग्यारेन्टी (विडवण्ड) लाई Scan गरेर PDF Format मा upload गरी संलग्न गर्नुपर्नेछ । साथै फर्म वा कम्पनीको नवीकरण गरिएको इजाजत प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०८१।०८२ को करचुक्ता प्रमाणपत्र वा ०८०।०८१ को करचुक्ता प्रमाणपत्रको म्याद थप लाई Scan गरेर PDF Format मा upload गरी मिति २०८२।०७।१७ गते दिनको १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट electronic submission गर्नुपर्नेछ ।

३. प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८२।०७।१७ गते दिनको ठिक १:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्र पेश गर्ने एवं खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछी कार्यालय खुलेको दिन दिनको १२:०० बजे सम्म दाखिला गर्ने तथा सोही दिनको १:०० बजे वोलपत्र खोल्ने समय कायम हुनेछ ।

५. कुल कबोल अंकलाई २ किस्ता कायम गरिनेछ । पहिलो किस्ता बापत कुल कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम सम्झौता हुन अगावै बुझाउनु पर्नेछ । दोश्रो तथा अन्तिम किस्ता बापत कवोल अंकको ५० प्रतिशतले हुन आउने रकम २०८२ फाल्गुण मसान्त भित्र बुझाउनु पर्नेछ । सम्झौता उल्लिखित किस्ता रकम समयमानै दाखिला नगरेमा बाँकी रकममा १० (दश) प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

६. प्रथम किस्ता बुझाएपछि बाँकी हुन आउने रकमको २०८४ श्रावण मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' बर्गको बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (Performance Bank Guarantee) पेश गर्नुपर्नेछ।

७. बोलपत्र स्वीकृत भई सम्झौता भएपछि सम्झौतामा उल्लेख भएकोमा बाहेक अन्य कुनै किसिमको छुट, मिनाहा वा माफि दिइने छैन ।

८. बोलपत्रदाताले BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

९. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वःघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

गोकर्णेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय डाँछी, काठमाडौं बागमती प्रदेश, नेपाल

१०. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारबाही हुने छैन ।

११. नेपाल सरकारको प्रचलित कानुन बमोजम लाग्ने आयकर मुल्य अभिवृद्धीकर तथा शुल्कहरु प्रस्तावक स्वंयले तिर्नुपर्नेछ । कार्यालयमा बुझाउनुपर्ने सम्पुर्ण रकम र कर बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुनेछ ।

१२. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३. निकासी सम्बन्धी कार्यको अवधी सम्झौता भएको मितिदेखि २०८३ असार मसान्तसम्म कायम हुनेछ ।

१४. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा प्रचलित कानुन तथा यस नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

# कागेश्वरी मनोहरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमति प्रदेश, नेपाल

## निकासी कर को ठेक्का बन्दोबस्तको
## **Bill of Quantity (BOQ)**

ठेक्का नं.: Kageshwori/Revenue/NCB/01/082-083

न्यूनतम कबोल अंकः रु.१,९३,३५,५५४।८६ (अक्षेरेपि एक करोड त्रियानब्बे लाख पैंतीस हजार पाँच सय चौवन्न रुपैयाँ पैसा छयासी मात्र) मू.अ. कर समेत

| कर उठाउन पाउने श्रोतको विवरण | स्वीकृत दर रेट प्रति घन फिट | नूनतम कबोल अंक (मू.अ. कर बाहेक) | आफूले कबोल गर्न चाहेको रकम (मू.अ. कर बाहेक) | | कै.फि |
|---|---|---|---|---|---|
| | | | कबोल अंक | अक्षरमा | |
| क) बालुवा | रु. ७१- | रु. १,७१,११,११०।५० | | | |
| ख) माटो | रु. ३.५०।- | | | | |

बोलपत्रदाताको विवरणः-

फर्मको नामः

प्रोपाइटरको नामः

स्थायी ठेगानाः जिल्ला.................... नगरपालिका/गा.पा............................ वडा नं.................

दस्तखत टेलिफोन नं. मोबाइल नं.

सम्परक ठेगानाः जिल्ला..................... नगरपालिका/गा.पा............................ वडा नं.................

दस्तखत टेलिफोन नं. मोबाइल नं.

कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डाँछी, काठमाडौं बागमती प्रदेश, नेपाल

## अनुसूची -५

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क**

<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>एकाइ</th><th>दर (रु.)</th></tr>
<tr><td>१</td><td>माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा)</td><td>प्रति घन फिट</td><td>३।५०</td></tr>
<tr><td>२</td><td>ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेकमा)</td><td>प्रति घन फिट</td><td>७।-</td></tr>
<tr><td>३</td><td>स्लेट (स्वीकृत खानी क्षेत्र बाहेक)</td><td>प्रति वर्ग फिट</td><td>७।-</td></tr>
<tr><td>४</td><td colspan="3">वन सम्बन्धी सङ्घीय तथा प्रदेश कानूनबाट नियमन हुने काठ दाउरा बाहेकका, नदीले बगाई ल्याएका काठ, दाउरा तथा जराजुरी जस्ता दहत्तर बहत्तर सामग्रीको सङ्कलनमा सङ्कलनकर्ताबाट देहाय अनुसार शुल्क असुल गरिनेछ।<br><table><tr><th>सि.नं.</th><th>प्रजाति</th><th>मूल्य</th></tr><tr><td>१</td><td>खयर</td><td>रु. ४०।- प्रति किलो ग्राम</td></tr><tr><td>२</td><td>साल</td><td>रु. १५०।- प्रति ठूटो</td></tr><tr><td>३</td><td>अन्य</td><td>रु. ५०।- प्रति ठूटो</td></tr></table></td></tr>
<tr><td>५</td><td colspan="3">सि.नं. १ को माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) को शुल्क रु. ३।५० प्रति घन फिट दर तोकिएकोमा धेरै मात्रामा माटो प्रयोग हुने उद्योग (जस्तो इट्टा उद्योग) हरूलाई उद्योगको क्षमताको आधारमा सम्बन्धित स्थानीय तहले वार्षिक रुपमा शुल्क निर्धारण गर्न सक्नेछ। यसरी वार्षिक शुल्क निर्धारण गर्दा जोडिएका स्थानीय तहहरुसँग समेत आवश्यक समन्वय गर्नु पर्नेछ।</td></tr>
<tr><td>६</td><td colspan="3">व्यक्तिको निजी जग्गाबाट माटो, ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन गरी बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो, ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन गरी बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको</td></tr>
</table>